
# दिसाजन्य लेदो व्यवस्थापनमा पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धी संचालन कार्यबिधी - २०७७

## खडक नगरपालीका

२०७७



प्रकाशक : खडक नगर कार्यपालिकाको कार्यालय सप्तरी ।

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन : पहिलो संस्करण ,२०७७

समन्वय : बातावरणिय शाखा ,खडक नगरपालिका सप्तरी

सम्पादन : कृष्ण जिसि ( वास सल्लाहकार , एस एन भि नेपाल ।)
परमेश्वर कुमार झा ( कार्यक्रम संयोजक, सबल नेपाल सप्तरी )

साझेदारी संस्था : सबल नेपाल, सप्तरी

आर्थिक सहयोग : एस.एन.भि नेपाल

**पृष्ठभुमिः**


नेपाल सरकारले दिसाजन्य फोहोरको संकलन तथा ढुवानीमा आइ पर्ने समस्या समाधान गर्न उच्च प्राथमिकता दिएको छ। यसैको आधारमा खडक नगरपालिकाले दिसाजन्य लेदो पदार्थको व्यवस्थापन सुरक्षित रुपमा गर्न उच्च प्राथमिक दिइ कार्यन्वयन गर्ने उद्देश्यका साथ संकलन देखि ढुवानी हुँदै विर्सजन सम्ममा हुने विभिन्न जोखिमहरुको न्यूनिकरण गर्नको लागि यो संचालन कार्यीबिधी जारी गरिएको छ। यो कार्यबिधीले दिसाजन्य लेदो व्यवस्थापनमा काम गर्ने सेवा प्रदायाक तथा वातावरण संरक्षण गर्न र यसमा रहेका चुनौतीहरुको व्यवस्थापन गर्ने रहनेछ। साथै विभिन्न क्षेत्रमा रहेको ज्ञान तथा सिकाइहरुको माध्यमबाट अव्यवस्थित दिसाजन्य लेदो व्यवस्थापन बाट हुने प्रदुषण र संक्रमणहरु कमी र नियन्त्रण गर्न सहयोग सिद्ध हुनेछ।

**उद्देश्यहरु**

१. वातावरण मैत्री तथा स्वस्थ दिसाजन्य लेदो व्यवस्थापन गर्न अभ्यास र प्रक्रियाहरुको पहिचान गर्ने
२. पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धी अभ्यासहरुको कानुनी तथा नितिगत व्यवस्थाहरु अवलम्बन गर्ने
३. दिसाजन्य लेदो व्यवस्थापनमा संलग्न निकायहरुमा पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धी अभ्यासहरु प्रर्बद्धन गर्ने।
४. पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धी अभ्यासहरुमा आधारित ज्ञानहरुको स-शक्तिकरण गर्ने
५. पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धी अभ्यासहरु सस्थागत उत्तरदायित्व बृद्धि गर्ने
६. दिसाजन्य फोहोर व्यवस्थापनमा पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धी आवश्यकतामा राष्ट्िय तथा प्रदेश स्तरमा पैरवी गर्ने
७. दिसाजन्य फोहोर व्यवस्थापनमा स्वास्थ्य र वातावरण मैत्री आधुनिक प्रविधि प्रयोग गर्न प्रभाव पार्ने।

**पृष्ठभूमी**

असोज २०७६ मा नेपाल खुल्ला दिसा मुक्त राष्ट घोषित भएको र पूर्ण सरसफाइ प्राप्तिमा अगाडी बढेको छ। पूर्ण सरसफाइका ७ वटा सूचकहरु मध्ये वातावरणिय सरसफाइमा दिसाजन्य लेदो तथा ठोस फोहोर व्यवस्थापन तिर केन्द्रित छ। लगभग ५०% शौचालयहरु सन् २०१४ भन्दा अगाडी निर्माण भएका छन् र चाडै नै सेप्टिक/ खाल्डो भरिने अवस्थामा रहेको वा खाली गर्न पर्ने अवस्थामा पुगेका छन्। यि खाल्डाहरु समयमा नै खाली गर्नु पर्ने स्थिति छ। स्थानियस्तरमा विभिन्न दिसाजन्य फोहोर व्यवस्थापन गर्न सेवा प्रदायकहरु बाट सेवा प्रदान भइरहेको अवस्था रहेता पनि ति सेवाप्रदायकहरु बाट श्रमिकहरुको सुरक्षा तथा सेवामा के कती सुरक्षित बिधिबाट व्यवस्थापन गरिएको छ भन्ने प्रश्न महत्व पूर्ण रहेको छ।




चित्र १: दिसाजन्य फोहोर व्यवस्थापन सेवा विधि

नियमित तथा निश्चित समयमा चर्पी खाल्डो खाली गर्नु पर्ने हुन्छ। खाल्डो रित्याउँदा, ढुवानी गर्दा, विर्सजन वा प्रशोधन गर्दा जहिले पनि घरायसी वातावरण, सार्वजनिक क्षेत्र, ढुवानी मार्गहरुमा यस कार्यमा संलग्न हुने श्रमिक तथा कर्मचारीहरुलाई संक्रमण तथा दुर्घटना हुने संभावना रहन्छ। तसर्थ खाल्डो रित्याउदा, ढुवानी गर्दा र विर्सजन

गर्दा सावधानी पुर्वक, सुरक्षित,  स्वच्छकर रुपमा व्यवस्थित तरिकाले गर्नु पर्दछ । निजि क्षेत्रका सेवा प्रदायकहरु तथा केही स्थानिय तहहरुले पनि यो सेवा प्रदान गरिरहेको छ । तर पनि यस कार्यमा संलग्न हुने व्यक्तिहरु चाँहि सिमित समुदायबाट मात्र रहेको छ ।

**वर्तमान अवस्था**

दिसाजन्य लेदो पदार्थ  हानिकारक फोहोरको रुपमा गणना गरिन्छ, त्यसकारण यसको व्यवस्थापन बिचार पुऱ्याएर ध्यान पुर्वक गर्नु पर्दछ । खाल्डो सफा गर्ने व्यक्तिहरुको स्वास्थ्यमा दिसा तथा यसमा भएको जिवाणुहरु सँगको प्रत्यक्ष सम्पर्कले साथै यसबाट निस्कने ग्यासबाट  हानी नोक्सानी हुने संभावना रहेको छ । सुरक्षा सम्बन्धी साधारण रुपमा जानकारी भए पनि प्राय जसो यस कार्यमा संलग्न भएका व्यक्तिहरुले सुरक्षाका पहिरणहरु जस्तैः पञ्जा, चस्मा, प्रष्ट देखिने ज्याकेट, गमबुट, मास्क, लगायत सुरक्षाका साधनहरुको प्रयोग बिरलै  गर्दछन् । प्रायः जसो खाल्डो सफा गर्ने काम राती गर्ने गरेको तथा स्थानिय  स्तरमा उत्पादन हुने मादक पदार्थ सेवन गरी कार्य गर्ने हुँदा दुर्घटना हुने संभावना अधिक रहेको छ ।

**कानुनी प्रावधानहरु**

नेपालको सविधान २०७२ मा व्यवस्था भए अनुसार खानेपानी, सरससफाइमा सबैको पहुँच, वातावरणिय संरक्षण सम्बन्धी अधिकारहरुको व्यवस्था गरिएको छ । त्यसै गरी नेपाल सरकारद्वारा जारी गरेको विभिन्न  ऐन, निति, नियमहरुले खानेपानी, सरसफाइ, वातावरण संरक्षण तथा  व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यमा बिशेष ध्यान दिएको छ । श्रम ऐन २०७४, परिच्छेद १२ मा सबै व्यवसाय तथा उद्योगहरुमा व्यक्तिगत सुरक्षा सामग्रीहरु, काम गर्ने स्थानको वातावरणिय सुरक्षाको व्यवस्था गरेको छ । यसै गरी योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ मार्फत श्रमिक तथा कर्मचारीहरको आर्थिक, स्वास्थ्य लगायत क्षेत्रमा सुरक्षा सुनिश्चित गर्ने व्यवस्था गरिएको छ । साथसाथै नेपाल सरकारको विभिन्न मन्त्रालयहरु द्वारा जारी गरिएको नियमावली, निर्देशिकाहरु मार्फत पनि नगरजन्य ठोस तथा  तरल फोहोरहरुको को व्यवस्थापन सम्बन्धी संस्थागत तथा नियामक खाकामा पनि विभिन्न सरोकारवालाहरुको जिम्मेवारीहरुको व्यवस्था गर्नुको साथै यसको व्यवस्थापन श्रृंखलाको वर्णन गरेको छ ।

**दिसाजन्य पदार्थ व्यवस्थापनमा हुन सक्ने खतराहरु**

असुरक्षित तथा अव्यवस्थित रुपमा दिसाजन्य लेदो पदार्थहरु व्यवस्थापन गर्दा निम्न प्रकारमा खतराहरु व्यवस्थापनको विभिन्न  चरणहरुमा आउन सक्दछ ।

१. जैविक खतराः रित्याउँदा, विर्सजन/ प्रशोधन
२. रासायनिक खतराः रित्याउँदा,
३. भौतिक खतराः रित्याउँदा, ढुवानी गर्दा,
४. मानसिक समस्याः रित्याउँदा
५. दुर्घटनाः ढुवानी गर्दा, विर्सजन/ प्रशोधन

यस्ता प्रकारका खतराहरुलाई सहि तरिकाले व्यवस्थापन गर्न सकिएने भने श्रमिक स्वयंलाई, परिवारका सदस्यहरुलाई, समाज र राष्ट्रलाई नै शारीरिक, मानविय, सामाजिक, आर्थिक तथा वातावरणिय क्षती हुने जोखिमहरु रहन्छ ।

**नगरपीलकाको भूमिका :**

दिसाजन्य तथा ठोस फोहोर व्यवस्थापनमा काम गर्ने श्रमिक तथा कर्मचारीहरुको व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षामा ध्यान पुर्याउन स्थानिय तहको निम्न भूमिका रहने छ ।

१. नेपाल सरकारको बिद्यमान ऐन कानुनहरुको आधारमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासँग सम्बन्धित निति, नियम, निर्देशिका तथा कार्यबिधिहरु बनाउने

२. अस्थाई बिर्सजनको लागि लामो खाडल (ट्रेन्च) स्थल निमार्ण गर्ने

३. दिर्घकालिन व्यवस्थापनको लागि आवश्य स्थानको पहिचान गरी उपयुक्त प्रविधीको  प्रशोधन केन्द्र निर्माण तथा संचालन गर्ने

४. स्थानिय स्तरमा दिसाजन्य फोहोर व्यवस्थापन गर्ने सेवा प्रदायकहरुको तथ्यांक राख्ने

५. सेवा प्रदायकहरुलाई सेवा प्रदान गर्न अनुमति प्रदान गर्ने । अनुमती प्रक्रिया अनुसुची १ मा व्यवस्था गरिएको छ ।

६. मानवद्वारा गरिने खाल्डो रित्याउने कार्यलाई पूर्णरुपमा बन्देज गर्ने

६. सेवा प्रदायक र सेवा ग्राहीको जिम्मेवारी तोकिएको जाँच सूची (check list) तयार गर्ने

७. सेवा प्रदायकहरुको व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धमा दक्षता अभिवृद्धि गर्न समय समयमा तालिम संचालन गर्ने

८. नियमित अनुगमन तथा नियमन गर्ने

## दिसाजन्य लेदो पदार्थ व्यवस्थापनमा व्यवसायजन्य  स्वास्थ्य तथा सुरक्षा कार्यन्वयन विधी - मेकानिकल रित्याउने

| सेवा | संभाव्य खतराहरु | जोखिमहरु | व्यवसायजन्य कार्यन्वयन प्रक्रिया | आवश्यक सामग्री तथा औजारहरु | व्यक्तिगत सुरक्षा सामग्रीहरु |
|---|---|---|---|---|---|
| रित्याउने | • जैविक<br>• भौतिक<br>• रासायनिक<br>• मानसिक समस्या<br>• दुर्घटना | • जुका सर्ने, फोहोर पानीजन्य रोगहरु लाग्न सक्ने,<br>• शारीरिक चोटपटक, अंग भंग हुन सक्ने<br>• मानसिक सन्तुलनमा कमी हुन सक्ने<br>• मृत्यु हुन सक्ने<br>• ढुवानी साधनमा क्षती<br>• आर्थिक नोक्सानी | • कार्यस्थलको निरिक्षण गरी आवश्यक सामग्री तथा औजारहरुको पहिचान गने<br>• पम्पका पाइप तथा फिटिंगहरु लिक भए नभएको जाँच गर्ने<br>• रित्याउने कार्य शुरु गर्न अघि र गर्दा मादक पदार्थ तथा  नसालु पदार्थ सेवन नगर्ने<br>• व्यक्तिगत सुरक्षाका सामग्रीहरु लगाउने तथा अन्य आवश्यक सामग्रीहरु खाल्डो छेउमा राख्ने<br>• रित्याउने कार्य शुरु गर्न अघि खाल्डो वरिपरि घेराबन्दी गर्ने<br>• रित्याउने खाल्डो वरपर बाल बालिकाहरुलाई आउन नदिने<br>• रित्याउने ढुवानी साधन तथा पम्पलाई सकेसम्म खाल्डोको नजिक ल्याएर राख्ने<br>• ढक्कन खोलेर केही समय राख्ने<br>• खाल्डोमा भएको दिसाजन्य फोहोरलाइ बाँसको सहायताले चलाउने<br>• कुनै पनि परिस्थितीमा कसैलाइ पनि खाल्डो भित्र पस्न नदिने<br>• रित्याउने गर्ने क्रममा चर्पीबाट कम्ती २ पल्ट पानी हाल्ने जसले गर्दा लेदोलाई पातलो बनाइ सजिल पम्पले तान्न सकोस<br>• खाल्डोबाट दिसाजन्य लेदो तानि सके पछि पाइपहरु तथा भूँइमा पोखिएका फोहोरहरु राम्ररी पानी तथा फिनोल जस्ता रसायन राखेर पखाल्नु पर्दछ<br>• खाल्डोको ढक्कन राम्री बन्द गरी सिमेन्ट वालुवा वा माटो, गोबर र ढुटोको मिश्रणले राम्ररी सिल गर्ने | • ३ फिट लामा १० वटा बाँस वा काठ<br>• नाइलनको ठोरी<br>• ६ फिट लामो बाँस<br>• बाल्टी<br>• मग<br>• गैती<br>• साबेल<br>• फिनोल<br>• १०० लिटरको धाराको  टुटी तथा ढक्कन सहितको पानी भएको ड्रम<br>• साबुन | • हेलमेट<br>• मास्क<br>• पंजा<br>• गमबुट<br>• निश्चित रंगको लुगा<br>• सुरक्षा चश्मा<br>• प्राथमिक उपचारका सामग्रीहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ● काम सके पछि आफुले लगाएको तथा प्रयोग गरेका सुरक्षाका  सामग्री तथा औजारहरु राम्ररी पानी प्रयोग गरी सफा गर्ने<br>● साबुन पानी प्रयोग गरी राम्ररी मिची मिची हात धुने<br>● घेरा बन्दी गरेको हटाएर ढुवानी साधनमा सुरक्षित सँग राख्ने<br>● कार्य सम्पन्न भएको जानकारी घरधनीलाई दिने | | |
| ढुवानी | ● भौतिक<br>● जैविक<br>● दुर्घटना | ● शारीरिक चोटपटक, अंग भंग हुन सक्ने<br>● मृत्यु हुन सक्ने<br>● ढुवानी साधनमा क्षती<br>● आर्थिक नोक्सानी<br>● जुगा सर्ने, फाृहोर पानीजन्य रोगहरु लाग्न सक्ने, | ● रित्याएर ढुवानी साधनमा संकलन गरेको फोहोरहरु पम्पका फिटिगं, पाइप तथा ढुवानी साधनबाट चुवाहट भए नभएको जाँच गर्ने<br>● सम्पुर्ण ढक्कन राम्ररी बन्द गर्ने जसले गर्दा ढुवानी समयमा छछल्किएर बाहिर नपोखियोस्<br>● विस्तारै गतिमा सवारी साधन चलाउने<br>● सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगर्ने<br>● दिसाजन्य लेदो पदार्थले भरिएको सवारी साधन ढुवानी गरी स्थानिय तहले निर्धारण गरेको निश्चित स्थानमा मात्र विर्सजन गर्न लाने | ● ढुवानी साधनको साधरण मर्मत संभारका औजारहरु<br>● पाइप फिटिगंका औजार जस्तैः पाइप रेञ्च, स्पेनर, ल्पायर्सहरु<br>● डोरी | ● प्राथमिक उपचारका सामग्रीहरु<br>● आगो निभाउने यन्त्र (सानो)<br>● आपत्कालिन अवस्थामा सम्पर्क गर्ने सर्म्पक फोन नम्बर तथा ठेगानाहरु |
| प्रशोधन/ विर्सजन | ● भौतिक<br>● जैविक | ● शारीरिक चोटपटक, अंग भंग हुन सक्ने<br>● जुगा सर्ने, फाृहोर पानीजन्य रोगहरु लाग्न सक्ने | ● तोकिएको निश्चित स्थानमा मात्र बिर्सजन गर्ने<br>● आवश्यक सामग्री तयार गर्ने<br>● सुरक्षा सामग्रीहरु लगाउने<br>● विर्सजन गर्ने खाल्डो (ट्रेन्च) मा ढुवानी साधन नजिक लाने<br>● खाल्डा (ट्रेन्च) मा पर्ने गरी पाइपको ढक्कन खोल्ने र लेदोलाई बग्न दिने<br>● खाल्डो (ट्रेन्च) वरपर  लेदो पोखिएमा पानी ले ट्रेन्च तिर बगाएर सफा गर्ने<br>● टैंकी खाली भए पछि पाइपको ढक्कन राम्ररी बन्द गर्ने तथा लिक भए नभएको जाँच गर्ने<br>● सबै सुरक्षका सामग्रीहरु फुकालेर साबुन पानी ले हात तथा सामग्रीहरु राम्ररी धुने<br>● विर्सजन स्थलबाट बाहिर निस्कदा गेट राम्ररी बन्द गरेर निस्कने | ● साबुन<br>● पानी<br>● साबेल<br>● बाल्टी<br>● मग | ● हेलमेट<br>● मास्क<br>● पंजा<br>● गमबुट<br>● निश्चित रंगको लुगा |

**अनुसुची १ः सेवा प्रदायकहरुलाई सेवा संचालन गर्न अनुमती दिने प्रक्रिया तथा शर्तहरु**

१. तोकिएको ढाँचा अनुरुप निवेदन
२. निवेदनमा संलग्न हुन पर्ने कागजातहरु
    क. व्यवसाय दर्ता प्रमाण पत्र, कर दार्त
    ख. श्रमिक, कर्मचारीहरुको विवरण
    ग. श्रमिक, कर्मचारी तथा ढुवानी साधनको दुर्घटना बिमा गरिएको प्रमाण
    घ. रित्याउने, ढुवानी तथा विर्सजन स्थलमा चुहावट नियण्त्रन गर्ने बिधि
    ङ. स्थानिय तहले ताके अनुसारको व्यक्तिगत सुरक्षा सामग्री
    च. प्राथमिक उपचार बाकस तथा सोमा भएका सामग्रीहरुको विवरण
    छ. आपत्कालिन अवस्थामा सुचना तथा संचार गर्ने कार्य बिधी
    ज. ढुवानी साधनको विवरण
    झ.सेवाग्राही सँग गर्ने सम्झौता पत्रको प्रतिलिपी तथा शर्तहरु
    ञ. सेवा शुल्क विवरण
    ट. कार्य क्षेत्र विवरण